जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २३७ • २०८३ असार ३ गते बुधवार • 17 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

## प्रदेशस्तरीय अपाङ्गता पहिचान तथा एप्स सम्बन्धी अभिमुखीकरण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २ असार**



मधेश प्रदेशस्तरीय अपाङ्गता पहिचान, परिचयपत्र वितरण तथा एप्स सम्बन्धी अभिमुखीकरण कार्यक्रम सोमबार जनकपुरधाममा सम्पन्न भएको छ।

युरोपियन युनियन र संयुक्त राष्ट्रसंघको सहयोगमा लाइफ नेपालद्वारा सञ्चालित “सशक्त महिला, समृद्ध नेपाल“ कार्यक्रम अन्तर्गत सो अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको हो । प्रदेश तथा स्थानीय तहमा अपाङ्गता पहिचान प्रक्रिया र मापदण्डबारे स्पष्टता कायम गर्नु, अपाङ्गता परिचयपत्र वितरण प्रणालीलाई प्रभावकारी, पारदर्शी तथा एकरूप बनाउन आवश्यक समन्वय गर्नु, तथ्याङ्क संकलन तथा व्यवस्थापन प्रणाली (DMIS)सम्बन्धित प्रणाली) सुधारका लागि सुझाव संकलन गर्नु र नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन साझा प्रतिबद्धता विकास गर्नु कार्यक्रमको उद्देश्य रहेको छ। लाइफ नेपालका अध्यक्ष सुरेत ठाकुरको अध्यक्षतामा भएको अभिमुखीकरण कार्यक्रममार्फत अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण प्रक्रियामा रहेका चुनौतीहरूबारे छलफल गरी समाधानका उपायहरू पहिचान गरिएको थियो । साथै, अपाङ्गता सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन (DMIS) अपांगता स्क्रिनिंग एप) तथा सम्बन्धित एप्सको प्रयोग सम्बन्धी जानकारी गराइएको थियो । सहभागीहरूले स्थानीय तहमा सेवा प्रवाहलाई थप प्रभावकारी, पहुँचयोग्य तथा समावेशी बनाउन आ-आफ्नो प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमले प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यलाई सुदृढ गर्दै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

मधेश प्रदेश सरकार, खेलकुद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिल प्रसाद साहले प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यलाई सुदृढ गर्दै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिए। उनले अपांगता भएका व्यक्तिहरुको सामाजिक सम्मानका लागि सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको बताए । समाज कल्याण महाशाखा प्रमुख निर्मला मिश्र, अधिकृत दीपिका कर्णलगायतको सहभागिता रहेको थियो ।

साथै, मधेश प्रदेशका १२ वटै पालिकाबाट अपाङ्गता समन्वय समितिका प्रतिनिधि, महिला तथा बालबालिका शाखाका प्रतिनिधि, सूचना प्रविधि (IT) सम्बन्धी कर्मचारी तथा सरोकारवाला निकायका प्रतिनिधि गरी ४० जना सहभागी रहेको थियो ।

## सिंहको रहस्यमय मृत्यु प्रकरणमा नयाँ मोड



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ असार**

महोत्तरीको बर्दिबास नगरपालिका-१२ विजलपुरामा विवाहित महिला रिकु कुमारी सिंहको रहस्यमय मृत्यु प्रकरणले नयाँ मोड लिएको छ। घटनामा सलग्न रहेको आरोपमा प्रहरीले मृतकका पति शशीकुमार सिह, ससुरा रामबाबु सिंह र सासू ललिता देवी सिंहलाई पक्राउ गरी आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धान अघि बढाएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी तथा प्रवक्ता पञ्चलास गोलेका अनुसार पीडित पक्षले पाँच जनाविरुद्ध किटानी जाहेरी दिएपछि तीन जनालाई नियन्त्रणमा लिइएको हो। जिल्ला अदालत जलेश्वरवाट पाँच दिनको म्याद लिएर अनुसन्धान अघि बढाएका छौं। बाँकी दुई आरोपितको खोजी तीव्र बनाइएको छ, उनले बताए । प्रहरी स्रोतका अनुसार घटनापछि फरार रहेका मृतकका नन्द र उनका पतिको खोजी भइरहेको छ । उनीहरूविरुद्ध पनि पीडित परिवारले किटानी जाहेरी दिएको छ । मृतकका बुवा शत्रुधन महतोले छोरीलाई लामो समयदेखि कुटपिट, मानसिक तथा शारीरिक यातना, गालीगलौज र घर निकाला गर्ने धम्की दिइँदै आएको आरोप लगाए ।

उनका अनुसार शशीकुमार सिंहले अर्को विवाह गरेपछि रिकुमाथि सम्बन्ध विच्छेदका लागि निरन्तर दवाव सिर्जना गरिएको थियो । प्रहरीको प्रारम्भिक अनुसन्धानले रिकुले शुक्रबार आफ्नै कोठामा सलको पासो लगाएर आत्महत्या गरेको संकेत देखाएको छ । तर माइती पक्षले भने यो आत्महत्या नभई योजनावद्ध हत्या भएको दाबी गर्दै निष्पक्ष छानबिनको माग गरिरहेको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




### कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं ।

**खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




## न्यायमा अनुभूतिको जरुरी

*संरचनावादी सिद्धान्तका अनुसार समाजका सबै संस्था, अदालत, प्रहरी, सरकारी वकिल, कारागार, कानुन व्यवसायी र प्रशासन एकअर्कासँग अन्तरसम्बन्धित रहेको देखिन्छ । कुनै एक निकायको कमजोरीले सम्पूर्ण प्रणाली प्रभावित हुन्छ र अन्ततः न्याय सम्पादनमै प्रभाव पर्ने देखिन्छ । अर्कोतर्फ, द्वन्द्ववादी दृष्टिकोणले न्याय प्रणाली पनि शक्ति र स्रोतको असमान वितरणबाट प्रभावित हुने जनाउँछ । आर्थिक, राजनीतिक वा सामाजिक रूपमा शक्तिशाली व्यक्तिहरूले न्यायिक प्रक्रियालाई आफ्नो पक्षमा मोड्न सक्ने सम्भावना बढी हुन्छ भने कमजोर वर्ग लामो समयसम्म न्यायको प्रतीक्षामा बस्न बाध्य हुन्छन । नेपालका अदालतहरूमा लाखौं मुद्दा विचाराधीन रहेको छ । सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्म मुद्दाको चाप बढ्दो रहेका छन ।*

*तर यो समस्या केवल न्यायाधीशको संख्या वा अदालतको क्षमताको विषयमात्र नभई फैसला ढिलो हुनुका प्रमुख कारणहरू केलाउने हो भने पहिलो त अनुसन्धानमा संवेदनशीलता अभाव, बारम्बार मुद्दा स्थगन, कारागारभित्र परेकाहरूको हकमा पक्ष-विपक्षको अनुपस्थिति, कानुन व्यवसायीको क्षमताभन्दा बढी मुद्दा लिने र अनावश्यक समय माग्ने प्रवृत्ति, सरकारी वकिलको अनुसन्धानको गहन अध्यन र विश्लेषणभन्दा पनि आरोपलाई प्रमाणित गर्ने प्रतिको मोह, फाँट र इजलासबीचको समन्वय अभाव र अदालत प्रशासनको निगरानीमा कमजोरी, कतिपय अवस्थामा मिडिया, सामाजिक सञ्जालको प्रभाव पनि समावेश रहेको देखिन्छ । अन्तमाः न्यायको उद्देश्य केवल फैसला सुनाउनु होइन, राज्यले आफ्ना ती नागरिकहरूलाई बिर्सेको छैन भन्ने अनुभूति समेत गराउन न्यायलाई समयमै, निष्पक्ष र मानवीय रूपमा उपलब्ध गराउनुपर्ने देखिन्छ ।*

# मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा सम्बन्धि समीक्षा गोष्ठी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २ असार**

मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा सम्बन्धि समीक्षा गोष्ठी मंगलबार जनकपुरधाममा सम्पन्न भएको छ । टीपीओ नेपालको समन्वयमा स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले आयोजना गरेको सो समीक्षा गोष्ठीको उद्घाटन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र प्रसाद साहले मधेशलाई सही नेतृत्व प्रदान गरी समुन्नति हासिल गर्न स्वस्थ र सक्षम नागरिक तयार गर्नुपर्नेमा जोड दिए । यसका लागि व्यक्तिको मानसिक स्वास्थ्य र उसको शिक्षा दीक्षाले निर्णायक महत्व राख्ने गरेकाले यसतर्फ गम्भीर हुन मन्त्री साहले आग्रह गरे । स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक सरोजराज न्यौपानेको अध्यक्षतामा



भएको समीक्षा गोष्ठीमा मन्त्री साहले दुनियाले मानसिक स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेका बेला हामी भने मानसिक स्वास्थ्यको कमजोर अवस्थाबाट गुज्रिरहेको बताए । यस्ता समस्या समाधानका लागि प्रदेश सरकारले अग्रणी भूमिका खेल्न तयार रहेको मन्त्री साहले बताए । गोष्ठीमा मधेश प्रदेशमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको अवस्थाबारे प्रस्तुतिकरण समेत गरिएको थियो । आठ वटै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख, स्वास्थ्यकर्मी लगायतको उपस्थितिमा गरिएको समीक्षामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव डा. प्रमोद यादवले मानसिक स्वास्थ्य सम्बन्धी ठोस नीति निर्माण गरेर अघि बढ्नुपर्नेमा जोड दिए । नीतिगत सुधार गरेर अघि बढ्दा समस्या समाधान हुँदै जाने तर्क उनको थियो । विषयवस्तुको संवेदनशीलता र गाम्भीर्यताका बारेमा पहिला विस्तृतरूपमा बुझ्ने काम हुन्छ, त्यसलाई स्थापित गर्न संवैधानिक तथा कानूनी व्यवस्था गरिन्छ ।

त्यसपछि उक्त क्षेत्रलाई नीतिगत व्यवस्था र कार्यान्वयनका लागि कार्ययोजना बनाएर अपेक्षित नतिज हासिल गर्न सकिने उनको भनाइ थियो । स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक न्यौपानेले मानसिक स्वास्थ्यबारे हाम्रो बुझाई स्पष्ट हुन नसकेकाले समस्या भएको जिकिर गरे । मानसिक स्वास्थ्यबारे व्यापक जनचेतनाको आवश्यक्ता औंल्याउँदै आमजनता सचेत भए यस्ता समस्या समाधान हुँदै जान्छ । गोष्ठीमा एमएसपी कार्यक्रमको प्रस्तुतीकरण समेत भएको थियो ।

# मधेश खेलकुद परिषदद्वारा पहिलोपटक राष्ट्रिय कुश्ती प्रतियोगिता आजदेखि

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २ असार**

मधेश खेलकुद परिषदको आयोजनामा पहिलोपटक राष्ट्रियस्तरको कुश्ती प्रतियोगिता आजदेखि जनकपुरधाममा सुरु हुँदैछ । तीन दिनसम्म सञ्चालन हुने प्रतियोगिता जनकपुरधाम उपमहानगरपालिका-७ स्थित जानकीनगरको पतञ्जली योग शिविर हलमा आयोजना गरिएको परिषदले जनाएको छ ।

प्रतियोगिताको उद्घाटन आज साँझ ५ बजे मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री लखन दास तत्माले गर्ने कार्यक्रम रहेको छ । मधेश खेलकुद परिषदका सदस्य-सचिव शिवजी प्रसाद गुप्ताले कुश्ती नेपालको मौलिक तथा परम्परागत खेल भएकाले यसको संरक्षण, प्रवर्द्धन र विकासका लागि पहिलोपटक राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गरिएको बताए। उनका अनुसार प्रतियोगिताले युवापुस्तामा कुश्ती खेलप्रति आकर्षण बढाउनुका साथै राष्ट्रिय तथा



अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा समेत टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

प्रतियोगितामा सातवटै प्रदेशका टोलीसँगै नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलका विभागीय टोली गरी कुल १० टोलीको सहभागिता रहनेछ। प्रत्येक टोलीबाट १० जना पुरुष खेलाडी, पाँच जना महिला खेलाडी तथा दुई जना प्रशिक्षक सहभागी हुनेछन् । प्रतियोगिताको तयारीस्वरूप जेठ ३० गतेदेखि असार २ गतेसम्म बन्द प्रशिक्षण (क्लोज्ड क्याम्प) सञ्चालन गरिएको थियो। प्रतियोगितामा उल्लेख्य संख्यामा खेलाडी, प्रशिक्षक, खेल पदाधिकारी तथा खेलप्रेमीहरूको सहभागिता रहने आयोजकको अपेक्षा छ ।

मधेश प्रदेशमा पहिलोपटक राष्ट्रियस्तरको कुश्ती प्रतियोगिता आयोजना हुन लागेकाले यसले परम्परागत खेलको संरक्षण, खेल संस्कृतिको विकास, खेल पर्यटन प्रवर्द्धन तथा प्रदेशको खेलकुद गतिविधिलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास गरिएको छ । परिषदले प्रतियोगितालाई भव्य, सभ्य र व्यवस्थित बनाउन आवश्यक सम्पूर्ण तयारी पूरा भएको जनाएको छ ।

सदस्य-सचिव गुप्ताका अनुसार परिषदको बैंक खाता वैशाख ४ गते सञ्चालनमा आएको थियो भने वैशाख २७ गते प्रदेश सरकारले खाता सञ्चालनको अनुमति दिएको थियो। त्यसयता परिषदले निरन्तर रूपमा खेलकुद गतिविधि सञ्चालन गर्दै आएको छ । हालसम्म प्रदेशका विभिन्न जिल्लामा भलिबल, भारोत्तोलन, उसु, कराँते, कबड्डी, महिला भलिबल तथा शहीद कपलगायतका प्रतियोगिता सम्पन्न भइसकेका छन् ।

परिषदले चालु आर्थिक वर्षभित्र प्रदेशस्तरमा १९ वटा र राष्ट्रियस्तरमा चार वटा खेल प्रतियोगिता आयोजना गर्ने लक्ष्य लिएको जनाएको छ। राष्ट्रिय कुश्ती प्रतियोगिता सोही योजना अन्तर्गतको महत्वपूर्ण कार्यक्रमका रूपमा हेरिएको छ ।

## तपाईको टुडे

मेषः लामो यात्राको योग छ
वृषः मनमा पछुतो आउने
मिथून: विचार गरेर बोल्नुहोला
कर्कटः अनावश्यक चिन्ता
सिंहः अनावश्यक खर्चको संभावना
कन्याः खानपानमा समस्या आउने
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने
धनुः मित्रतामा फाटो आउने
मकरः पिछडेको साथी मिल्ने
कूम्भः शुभ कार्यको शुरुवात
मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# लागूऔषध गाँजासहित तीनजना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २ असार**




सिरहा प्रहरीले करिब २८ किलो प्रतिबन्धित लागूऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये एक जना भारतीय नागरिक रहेका छन् । इलाका प्रहरी कार्यालय गोलबजारको टोलीले सोमबार राति गोलबजार नगरपालिका-७ चोहर्वा र वडा नम्बर १० मा सञ्चालन गरेको छुट्टाछुट्टै कारबाहीमा २७ किलो ७१५ ग्राम गाँजा बरामद गर्दै तीन जनालाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार गाँजाको कारोबार भइरहेको गोप्य सूचनाका आधारमा खटिएको टोलीले धर्मपुरबाट चोहर्वातर्फ आउँदै गरेको एउटा विद्युतीय अटो रोकेर जाँच गर्दा बोराभित्र लुकाइराखिएको ५ किलो ७१५ ग्राम गाँजा फेला पारेको थियो । सो क्रममा अटो चालक गोलबजार-७ निवासी ३६ वर्षीय रोकेन्द्र बहादुर सुनुवार र अटोमा सवार भारतको बिहार राज्य, पटना जिल्ला धनरुवा ग्राम पञ्चायतका ३० वर्षीय रोहित कुमारलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका रोहित कुमारसँग गरिएको प्रारम्भिक सोधपुछबाट प्राप्त सूचनाका आधारमा प्रहरी टोली गोलबजार नगरपालिका-१० स्थित छक बहादुरको घरमा पुगेको थियो । घरमा गरिएको खानतलासीका क्रममा चार वटा बोरामा राखिएको थप २२ किलो गाँजा बरामद भएपछि छक बहादुरलाई पनि नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुधन केसीले जानकारी दिए ।

बरामद गरिएको लागूऔषधसहित पक्राउ परेका तीनै जनामाथि लागूऔषध सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

# नेपाल-भारत सीमामा अत्यधिक नियन्त्रण लगाउने प्रयास भए मधेशमा त्यसको विरोधमा विद्रोह हुन सक्ने चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**बारा, २ असार**



मधेश प्रदेशका पूर्वमुख्यमन्त्री तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता जितेन्द्र सोनलले नेपाल-भारत सीमामा अत्यधिक नियन्त्रण लगाउने प्रयास भए मधेशमा त्यसको विरोधमा विद्रोह हुन सक्ने चेतावनी दिएका छन् । मधेश मिडिया काउन्सिलले मंगलबार बाराको कलैयामा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले नेपाल र भारतबीचको सीमा भौगोलिक विभाजनको रेखा भए पनि दुवै देशका नागरिकबीचको सामाजिक, सांस्कृतिक तथा आर्थिक सम्बन्ध सदियौंदेखि कायम रहेको उल्लेख गरे ।

सीमामा आवश्यक नियमन आवश्यक भए पनि जनजीवन र परम्परागत व्यापारमा असर पर्ने गरी नियन्त्रण लगाउने प्रयास स्वीकार्य नहुने उनको भनाइ थियो । सरकारले सीमा नाकाबाट एक सय रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउन नपाइने व्यवस्था लागू गर्न खोजेकोप्रति असन्तुष्टि जनाउँदै उनले यस्तो कदम अन्ततः सरकारकै लागि प्रतिउत्पादक बन्न सक्ने बताए ।

'निर्वाचन मार्फत प्राप्त जनादेशलाई हामी सम्मान गर्छौं । तर, जनमतको आडमा नागरिकलाई दुःख दिने काम उचित हुँदैन,' उनले भने । सोनलले केन्द्र सरकारले संवैधानिक निकायहरूको स्वतन्त्रतामाथि हस्तक्षेप गर्न खोजेको आरोपसमेत लगाए । निर्वाचन आयोगका पदाधिकारीहरू आफ्नो संवैधानिक सीमाभन्दा बाहिर गएर अभिव्यक्ति दिइरहेको उल्लेख गर्दै उनले संवैधानिक संस्थाहरूलाई स्वतन्त्र रूपमा काम गर्न दिने वातावरण बनाउनुपर्ने धारणा राखे । कार्यक्रममा उनले स्वतन्त्र प्रेसलाई लोकतन्त्रको आधारस्तम्भका रूपमा चित्रण गर्दै स्वस्थ लोकतान्त्रिक अभ्यासका लागि सञ्चार क्षेत्रलाई प्रोत्साहन आवश्यक रहेको बताए । सञ्चारमाध्यमलाई प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिनुपर्नेमा समेत उनले जोड दिए ।




# अनलाइन पत्रकारिताको अवस्था, चुनौती र अवसरबारे सम्पादकहरु संग अन्तरक्रिया



**ओम प्रकाश साह**
**ढल्केवर, २ असार**

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतको आम सञ्चार प्राधिकरण, मधेश प्रदेशको आयोजनामा धनुषाको ढल्केबर स्थित कोमल होटलमा एकदिने अन्तरक्रिया कार्यक्रम आज मंगल बार सम्पन्न भएको छ ।

मधेश प्रदेशमा दर्ता भएका विभिन्न अनलाइन सञ्चारमाध्यमका सम्पादकहरूको सहभागिता रहेको कार्यक्रममा अनलाइन पत्रकारिताको वर्तमान अवस्था, चुनौती, अवसर तथा सञ्चार क्षेत्रका समसामयिक विषयमा गहन छलफल गरिएको थियो। सहभागी सम्पादकहरूले डिजिटल पत्रकारिताको विस्तार सँगै देखिएका समस्या, सञ्चारमाध्यमको दिगोपना, पत्रकारहरूको पेशागत सुरक्षा, सूचना प्रवाहको विश्वसनीयता तथा सञ्चार क्षेत्रको संस्थागत विकासका विषयमा आफ्ना धारणा राखेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरण गुप्ता ले पत्रकारिता लोकतन्त्रको महत्वपूर्ण आधारस्तम्भ भएको उल्लेख गर्दै अनलाइन सञ्चारमाध्यमले समाजलाई छिटो र प्रभावकारी रूपमा सूचना प्रवाह गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताए । उनले पत्रकारिताको विश्वसनीयता कायम राख्न सत्य, तथ्य र सन्तुलित समाचार सम्प्रेषणमा विशेष ध्यान दिनुपर्ने धारणा व्यक्त गरे ।

उनले भने, "अनलाइन पत्रकारिता आजको युगको आवश्यकता हो । तर यसको प्रभावकारिता र विश्वसनीयता कायम राख्न सञ्चारकर्मीहरूले पेशागत आचारसंहिता र जिम्मेवार पत्रकारिता लाई आत्मसात् गर्नुपर्छ । समाजलाई सही सूचना दिनु नै पत्रकारिताको मूल धर्म हो ।" कार्यक्रमका अध्यक्ष तथा आम सञ्चार प्राधिकरण, मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गा ले सञ्चार क्षेत्रको विकास, पत्रकारहरूको क्षमता अभिवृद्धि तथा सञ्चार माध्यमहरूको संस्थागत सुदृढीकरणका लागि प्राधिकरण प्रतिबद्ध रहेको बताए । उनले डिजिटल प्रविधिको तीव्र विकाससँगै अनलाइन पत्रकारिताको प्रभाव बढ्दै गएको उल्लेख गर्दै पत्रकारितालाई अझ जिम्मेवार, मर्यादित र जनउत्तरदायी बनाउन आवश्यक रहेको बताए । अध्यक्ष खड्गाले भने, "अनलाइन सञ्चारमाध्यमले नागरिकलाई सूचना पहुँचमा सहजता प्रदान गरेका छन् । तर बढ्दो प्रतिस्पर्धा सँगै तथ्यहीन र अपुष्ट सामग्रीको जोखिम पनि बढेको छ । त्यसैले सञ्चारमाध्यमले सत्यतथ्यमा आधारित समाचारलाई प्राथमिकता दिनुपर्छ। प्राधिकरण सञ्चार क्षेत्रको सुदृढीकरणका लागि आवश्यक सहकार्य गर्न सदैव तयार छ ।"

कार्यक्रममा सहभागी सम्पादकहरूले प्रदेशस्तरमा सञ्चार क्षेत्रका समस्या समाधान, पत्रकारका लागि निःशुल्क कानुनी सेवा,पत्रकारहरूको क्षमता विकास, सञ्चारमाध्यमको दिगोपनाका लागि आवश्यक नीति निर्माण तथा सरकारी निकाय र सञ्चारमाध्यम बीच समन्वय बढाउन यस्ता कार्यक्रम प्रभावकारी हुने धारणा व्यक्त गरेका थिए ।

सञ्चार क्षेत्रको गुणस्तरीय विकास, पत्रकारिताको व्यावसायिकता अभिवृद्धि तथा डिजिटल माध्यममार्फत विश्वसनीय सूचना प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा पत्रकार ज्योती झाले स्वागत मन्तव्य राखेका थिइन ।